# 'फेरि इतिहास दोहोरिन्छ' नाटकको समाज राजनैतिक अध्ययन

– योगेश खाती

**सार** – नाटक समाजको एउटा महत्त्वपूर्ण सांस्कृतिक प्रस्तुति हो। अन्तर्विषयक अध्ययनभित्र समाजले भोग्ने सामाजिक, राजनैतिक, सांस्कृतिक परिवर्तनहरूलाई साहित्यका नाटक विधामा देखाउन सम्भव रहन्छ। नाटकको अध्ययनले समाजको इतिहास पुनर्निर्माण, समाज र चिनारीको अध्ययन र मूल्याङ्कन गर्न सहायता पनि गर्दछ। भारतीय नेपाली साहित्यको प्रसङ्ग आउँदा मूल रूपमा सिङ्गो दार्जिलिङ, असम अनि सिक्किम बुझिन्छ। यद्यपि यी प्रमुख स्थानबाहेक देशका अन्य स्थानहरूबाट पनि नेपाली साहित्यको प्रतिनिधित्व भइरहेको पाइन्छ। यसै प्रसङ्गमा भारतीय नेपाली नाटक साहित्यमा मनबहादुर मुखिया एउटा प्रतिष्ठित नाम हो। मनबहादुर मुखियाले नाटक विधामा एउटा भरपर्दो अध्याय प्रदान गरेका छन्। सन् १९७५ सालमा दार्जिलिङको श्याम ब्रदर्स प्रकाशनबाट प्रकाशित भएको उनको दोस्रो पूर्णाङ्की नाटक 'फेरि इतिहास दोहोरिन्छ' लाई यस अध्ययनअन्तर्गत राखेर अन्तर्विषयक समालोचना बनाई हेरिने प्रयास गरिन्छ। यस अध्ययन पत्रमा यस नाटकभित्र देख्न सकिएका समाज राजनैतिक विविध विचारहरू एवम् वस्तुस्थितिहरूलाई समालोचनाका माध्यमद्वारा देखाउने प्रचेष्टा गरिएको छ।

**बीज शब्द** – समाज, राजनीति, व्यङ्ग्य, यथार्थ, स्थिति आदि।

### १. विषय प्रवेश

आधुनिक समालोचनाअन्तर्गत समाज विज्ञानलाई समावेश गरी एउटा अन्तर्विषयक अध्ययनका रूपमा पनि प्रस्तुत गर्न सकिने सम्भावनाहरू आज तयार हुँदै आइरहेका देखिन्छन्। समाज विज्ञान अध्ययनको प्रमुख वर्गभित्र पर्दछ। यसले समाज अनि समाजभित्र देखिने भेटिने वैयक्तिक सम्बन्धहरू र यससँग सम्बन्धित कुराहरूको सरोकार राख्तछ। यसका धेरै हाँगाहरू छन्। ती प्रत्येक हाँगाहरूलाई समाज विज्ञानका उपविषयका रूपमा लिइन्छ। समाज विज्ञानका हाँगाहरूभित्र – मानव शास्त्र, राजनीति शास्त्र, मनोविज्ञान, जन–स्वास्थ्य, उत्खनन् विभाग, अर्थशास्त्र, इतिहास, मानव भूगोल, कानून, भाषिक अध्ययन, समाज शास्त्र आदि पर्दछन्। समाजको विशेष अध्ययन गर्ने विषयका रूपमा यसलाई 'समाजको अध्ययन' भनेर १९औँ शताब्दीको थालनीदेखि नै समाज विज्ञान भनेर नामकरण गरिएको भेटिन्छ। यसलाई 'समाजको अध्ययन' भन्दै समाज विज्ञानको नामद्वारा तत्कालीन विद्वानहरू– काम्ते, दुर्खिम, मार्क्स, वेबर आदिले स्थापित विषयका रूपमा तयार पारेका हुन्। २१औं शताब्दीको थालनीदेखि यस विषयको क्षेत्र र विचार पनि व्यापक बन्दै गएको भेटिन्छ। वर्तमानमा यस विषयभित्र साहित्यलाई पनि समावेश गरेर यसभित्र देख्न सकिएका सामाजिक, राजनैतिक, सांस्कृतिक, अर्थनैतिक, ऐतिहासिक जस्ता पक्षहरूलाई प्रस्तुत गरिएका भेटिन्छन्। समाज विज्ञानका अध्ययनका सम्भावनाहरू साहित्यमा देखा परेपछि यस अध्ययनको क्षेत्र र सम्भावनाहरू अझ व्यापक र प्रगाढ बनेका देखिन्छन्। समाज विज्ञानभित्र पर्ने अध्ययनको अर्को उपक्षेत्रलाई अन्तर्विषयक अध्ययन भनिन्छ। यसअन्तर्गत समाज विज्ञानभित्र पाइने समाज राजनैतिक अध्ययन जस्ता पक्षहरूलाई साहित्यमा एकै साथ राखेर हेर्न सकिने सम्भावनाले आधुनिक साहित्यिक समालोचनाको क्षेत्र अझ प्रशस्त बनेको भेटिन्छ। साहित्यका विविध विधाहरूमा यी कुरा सम्बोधन भइरहेको कुरो यहाँ स्वीकार गर्नुपर्ने हुन्छ। तथापि साहित्यको सबैभन्दा प्रभावोत्पादक विधाका रूपमा यहाँ नाटकलाई चर्चाको विषय बनाइएको छ।

नाटक समाजको एउटा महत्त्वपूर्ण सांस्कृतिक प्रस्तुति हो। अन्तर्विषयक अध्ययनभित्र समाजले भोग्ने सामाजिक, राजनैतिक, सांस्कृतिक परिवर्तनहरूलाई साहित्यका नाटक विधामा बताउँन अनि देखाउन सम्भव रहन्छ। नाटकको अध्ययनले समाजको इतिहास पुनर्निर्माण गर्न, समाज र चिनारीको अध्ययन गर्न र मूल्याङ्कन गर्न सहायता पनि गर्दछ। भारतीय नेपाली साहित्य भन्नाले मूल रूपमा सिङ्गो दार्जिलिङ, असम अनि सिक्किमलाई बुझिन्छ। यद्यपि यी प्रमुख स्थानबाहेक देशका अन्य स्थानहरूबाट पनि नेपाली साहित्यको प्रतिनिधित्व भइरहेको पाइन्छ। यसै प्रसङ्गमा भारतीय नेपाली नाटक साहित्यमा मनबहादुर मुखिया एउटा प्रतिष्ठित नाम हो। मनबहादुर मुखियाले नाटक विधामा एउटा भरपर्दो अध्याय प्रदान गरेका छन्। सन् १९७५ सालमा दार्जिलिङको श्याम ब्रदर्स प्रकाशनबाट प्रकाशित भएको उनको दोस्रो पूर्णाङ्की नाटक 'फेरि इतिहास दोहोरिन्छ' लाई यस अध्ययनअन्तर्गत राखेर अन्तर्विषयक

समालोचना बनाई हेरिने प्रयास गरिएको छ। यस अध्ययनमा यस नाटकभित्र देख्न सकिएका समाज राजनैतिक विचार एवम् वस्तुस्थितिहरूलाई समालोचनाका माध्यमद्वारा देखाउने प्रचेष्टा गरिएको छ।

## २. अन्तर्विषयक अध्ययनको अर्थ

अन्तर्विषयक अध्ययनको अर्थ विषयमा विद्वान्हरूले चर्चा र विमर्श आजसम्म कायम राखेका छन्। यसै चर्चा र विमर्शहरूबाट मुख्य विचार र वैचारिक छलफल सामु आइरहेका छन्। अन्तर्विषयक अर्थात् इन्टरडिसिप्लिनेरी का दुईवटा प्रभाग छन् – 'इन्टर' अनि 'डिसिप्लिनेरी'। 'इन्टर'ले माझ, मध्ये, बिचमा अर्थात् 'दुई वा त्यसभन्दा धेरबाट उद्धृत गरिएको' भन्ने बुझाउँछ। 'डिसिप्लिनेरी'को अर्थ 'कुनै विशेष अध्ययनको क्षेत्र' भन्ने बुझिन्छ। यसैले कुनै दुई वा त्यसभन्दा धेर अध्ययनको क्षेत्र बुझाउने विषयलाई 'अन्तर्विषयक अध्ययन' भनिन्छ भन्ने विचार विद्वान् स्टेम्बरको रहेको छ। अर्को अर्थमा कुनै समस्याप्रति विषयगत सिद्धान्त, विचार र प्रविधिलाई सही ढङ्गमा प्रस्तुत गर्दै अध्ययनलाई समावेशी बनाउनु अन्तर्विषयक अध्ययन हो। यसलाई विभिन्न खोज, विषयगत सामग्रीहरूको प्रयोग साथै समस्याको समाधान हेतु एउटा सामग्रीलाई अर्को सामग्रीसँग उपयोग गर्न सकिने वैकल्पिक प्रविधि पनि भनिन्छ।

## २. समाज राजनैतिक अध्ययनको विषयगत अवधारणा

वेब्स्टर् न्यू वर्ल्ड कलेज डिक्सनेरीले समाज राजनैतिक चेतनालाई 'सामाजिक र राजनैतिक पक्षहरूसँग सरोकार राख्ने' भनेर अर्थ्याएको छ। समाज र राजनीतिका दार्शनिकहरूले मानव समाजका विगत अनि वर्तमानमा देखिएका विविध पक्षहरू जस्तै– गणतन्त्र, न्याय, अधिकार, स्वतन्त्रता आदि विचारधाराहरूलाई परिभाषित गर्दै अन्तर्विषयक अध्ययनका क्षेत्रहरू सम्भव बनाइरहेका देखिन्छन्। समाज र राजनीति दर्शनका हाँगाहरू व्यवहारिक रूपमा एकै साथ प्रस्तुत भइरहेका हुनाले यसलाई अध्ययनको एउटै क्षेत्रमा हेरिने गरेको भेटिन्छ। समाज दर्शनले मानिसको सामाजिक व्यवहारको अध्ययन गर्दछ साथै समाजको गतिशीलता, परिवर्तनशीलता जस्ता स्थितिहरूबाट आएका समस्याहरूलाई सम्बोधन गर्दछ। यसले मानव समाजका विविध सामाजिक र राजनैतिक सङ्गठनहरूको मानिसहरूमाथि देखिने प्रभावहरूबारे चासो राख्दछ। त्यसरी नै राजनैतिक दर्शनले आदर्श समाजको निर्माण गर्नमा चासो राख्दछ साथै राजनीति, सरकार, सहर, संविधान आदि विषयहरूको अध्ययन गर्दछ। समाज र राजनैतिक चेतना एकै समयदेखि एकाअर्कामा अनि मानव समाज सम्बन्धित व्यक्ति समूहसँग जडित रहेको बुझिन्छ। समाजको आन्तरिक र बाह्य व्यवस्था पक्षहरूको चर्चा गर्दै एमिली दर्खिमको यस्तो विचार राख्छिन्– 'समाजभित्र सामूहिक अभिव्यक्ति अनि कार्यहरूबिचका सम्बन्ध व्यवस्थित छन् भन्ने

मान्यता नरहे अनि साझा उद्देश्यका निम्ति मानिसहरूको इच्छा पनि नरहे, त्यो समाज वास्तवमा बालुवाको थाकजस्तो हुन्छ जुन कुनै पनि समयमा छरपस्ट हुन सक्छ।'[१] यसैले सामूहिक रूपमा रहेर साझा उद्देश्यलाई पहिल्याउन समाज र राजनीतिसँगै रहेको कुरा यहाँ बुझ्न सकिन्छ। अर्का विद्वान जर्ज होल्यान्ड सबिनले आफ्नो पुस्तक **ए हिस्ट्री अफ् पोलिटिकल थ्योरी**–मा 'राजनैतिक सिद्धान्त र चेतना समाजकै उपज रहेको अनि त्यही समाजभित्र राजनीति पनि रहेको'[२] बताएका छन्। यसर्थ समाजभित्र विद्यमान समाज शास्त्रीय विमर्श र राजनैतिक चेतनालाई अघि ल्याउने मिश्रित सामाजिक चेतना नै समाज राजनैतिक चेतना हो भन्ने बुझिन्छ। हर्बर्ट लुथीको फ्रान्सेली भाषामा लेखिएको पुस्तकलाई साल्भाडोर अथानोसियोले अङ्ग्रेजीमा अनुवाद गरेर **फ्रम क्याल्विन टू रुसो : ट्रेडिसन् एन्ड मोडर्निटी इन् सोसिओ–पोलिटिकल थट् फ्रम द रिफोर्मेसन् टू द फ्रेन्च रिभोल्युसन्** भित्र क्याल्विन, वेबर र मार्क्सका समयमा समाज राजनैतिक विचारलाई स्वरूप प्रदान गर्न अर्थनीति नै निर्णायक रहेको कुरो बताइएको भेटिन्छ।[३] अत: समाजको सामाजिक र राजनैतिक विचार तयार हुनाको पछि समाजको आर्थिक स्वास्थ्य प्रमुख रहेको मान्नुपर्ने हुन्छ। यसरी नै समाज राजनैतिक चेतनाका सन्दर्भमा जी सी एम मुस्टिसोको पुस्तक **सोसिओ–पोलिटिकल थट् इन् अफ्रिकन् लिटरेचर**मा अफ्रिकी साहित्यमा समाज राजनैतिक चेतनाको प्रभावबारे उल्लेख भेटिन्छ। यहाँ अफ्रिकीहरूको छालाको रङ्ग नै उनीहरूको चिनारी अनि अफ्रिकी साहित्य निर्माणको व्यग्रता रहेको बताइएको छ।[४] अर्थनीतिसँगै समाज राजनैतिक चेतनाको निर्माण मानव सम्बन्ध अनि मानव संसर्गमाथि पनि प्रमुख रूपमा निर्भर हुँदछ भन्ने टुङ्गोमा पुग्न सकिन्छ।

### ४. मनबहादुर मुखियाको नाटक 'फेरि इतिहास दोहोरिन्छ'

१६ मार्च १९४७ मा नेपालको पूर्व २ नम्बर चरीकोटमा जन्मेका मनबहादुर मुखिया दार्जिलिङमा सन् १९५१ देखि सपरिवार आएर बसेका हुन्। उनले भानुभक्त प्राथमिक पाठशालाबाट शिक्षा प्रारम्भ गरेर सन्त रोबर्टस् उच्च विद्यालय हुँदै सन् १९७१ मा दार्जिलिङ सरकारी महाविद्यालयबाट नेपाली विषयमा स्नातकसम्मको शिक्षार्जन गरेका हुन्। सन् १९७५ मा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको शिक्षा प्राप्त गरी उनी शिक्षण पेसामा लागेका थिए। केही समय दार्जिलिङको सन्त रोबर्ट्समा

१ केनेथ् एल्लेन, सन् २००५, **एक्स्प्लोरसन्स् इन् क्लासिकल सोसिओलजिकल् थ्योरी : सिइङ्ग द सोसिएल वर्ल्ड**, ........, पाइन् फोर्ज प्रेस,

२ जर्ज होल्यान्ड सबिन, सन् १९७३, **ए हिस्ट्री अफ् पोलिटिकल थ्योरी**,.........., ड्राइडेन प्रेस

३ अथानोसियो साल्भाडोर, सन् १९७०, **फ्रम क्याल्विन टू रुसो : ट्रेडिसन् एन्ड मोडर्निटी इन् सोसिओ–पोलिटिकल थट् फ्रम द रिफोर्मेसन् टू द फ्रेन्च रिभोल्युसन्**, न्युयोर्क : बेसिक बुक्स

४ मुस्टिसोएम सी जी, सन् १९७४, **सोसिओ–पोलिटिकल थट् इन् अफ्रिकन् लिटरेचर**, न्युयोर्क, बर्निस एन्ड नोबल

अध्यापन गरेर पुन: नेपाल नै फर्की गएका थिए। मनबहादुर मुखिया मूलतः नाटककार हुन् तर उनले साहित्यका प्राय: सबै विधामा हात चलाएका छन्। उनी कवि, कथाकार, आलोचक, समीक्षक, नाटककार, एकाङ्कीकार तथा सफल नाट्य अभिनेता पनि हुन्। उनले लेखन क्षेत्रमा मात्र नभएर अभिनय अनि मञ्चनमा पनि सफलता हासिल गरेका छन्। दार्जिलिङको नाट्य परम्परामा एक भरपर्दो अध्याय उनले दिएका छन्। ६० को दशकदेखि ८० को दशकसम्म प्राय: बीस वर्षको अवधिमा उनको नाट्य कलाकारिता सक्रिय रहेको भेटिन्छ।

मनबहादुर मुखियाका धेरैवटा नाट्यकृतिहरूमध्ये 'फेरि इतिहास दोहोरिन्छ' एउटा बहुचर्चित नाट्यकृति हो। सन् ६० को दशकदेखि उनले एकाङ्की नाटकबाट कलम चलाउन थालेका उनको सन् १९७० मा पहिलो 'पूर्णाङ्की नाटक अनि देउराली रुन्छ' प्रकाशित भएको हो। यस नाट्यकृतिको अपार सफलतापछि सन् १९७५ मा उनको अर्को पूर्णाङ्की नाटक 'फेरि इतिहास दोहोरिन्छ' दार्जिलिङ श्याम प्रकाशनबाट प्रकाशित भयो। यस नाटकले सामाजिक यथार्थवादी धरातलमा दार्जिलिङको स्थानीय परिवेशको वर्णन गरेको छ।

## ५. 'फेरि इतिहास दोहोरिन्छ' नाटकको समाज राजनैतिक अध्ययन

अन्तर्विषयक अध्ययनभित्र साहित्य र समाज विज्ञानलाई एकै ठाउँ राखेर चर्चा गर्दा समाज राजनैतिक अध्ययन पनि सामु आउने सम्भावना हुनाले यसको अध्ययनलाई यहाँ अघि राखिन्छ। वर्तमानमा साहित्यले बोक्न सकेको समाजभित्रका विविध पक्षहरू नै अन्तर्विषयक अध्ययनका विषयहरू बन्दै गइरहेका छन्। साहित्यमा सबैभन्दा प्रभावोत्पादक क्षमता भएको विधाका रूपमा नाटक विधा अन्तर्गत समाज राजनैतिक पृष्ठभूमि भएको स्थान दार्जिलिङलाई धरातल बनाएर मनबहादुर मुखियाका नाटक 'फेरि इतिहास दोहोरिन्छ'-लाई समेटिएको छ। यस अध्ययनअन्तर्गत दार्जिलिङको सामाजिक राजनैतिक इतिहासमा घटेका वास्तविक घटनाहरूको उल्लेखसँगै नाटकका विभिन्न घटनाहरूभित्र अध्ययन गर्ने जमर्को यहाँ गरिएको छ। भारत स्वतन्त्र भएपछिका दिनहरूमा दार्जिलिङका जनता-जनार्दनले सामना गर्न परेका स्थितिहरू र यसै पक्षहरूलाई लिएर परोक्ष-अपरोक्ष रूपमा रचना गरिएका साहित्यिक कृतिहरुभित्र चर्चा गर्दै जाँदा धेरै अभूतपूर्व अध्ययनका सम्भावनाहरू देखा पर्दै आउँदछन्। साहित्यले समेट्न सकेका समाज राजनैतिक अध्ययनलाई हेर्दा यस नाटकले दार्जिलिङको इतिहासमा घटेका महत्त्वपूर्ण ऐतिहासिक घटनाहरूको पनि उल्लेख गर्दै यथेष्ट कुराहरू देखाउन सकेको भेटिन्छ।

समाज राजनैतिक अध्ययनभित्र सामाजिक व्यङ्ग्य, राजनैतिक चलखेल, सत्ताप्रति मोह, व्यवस्थाप्रति उत्पन्न विमुखता एवम् तिक्तता, प्रशासनप्रति उदासीनता, युवावर्ग अनि पलायनता, परिवारमा अनेकता अनि सामाजिक अससहयोगिता, राजनीति र यसप्रति न्यून सहभागिता, राजनैतिक क्रियाकलाप अनि

यसले ल्याएको परिणति इत्यादि कुराहरूको चर्चा गरिन्छ। यिनै कुराहरूका प्रसङ्गहरू विभिन्न रूपमा यस नाटकभित्र प्रत्यक्ष–अप्रत्यक्ष रूपमा रहेका भेटिन्छन्। भारत स्वाधीनतापछि दार्जिलिङको सामाजिक, राजनैतिक प्रक्रियामा महत्त्वपूर्ण केही घटनाहरू सामु आएका देखिन्छन्। यिनै घटनाहरूका पृष्ठभूमिमा नाटकले सामाजिक यथार्थवादी कथावस्तु लिएर अघि बढेको देखिन्छ। ती पृष्ठभूमिसँग मिल्न सक्ने नाटकभित्र देखिएका महत्त्वपूर्ण घटनाहरू मध्ये तल दिइएका घटनाहरू उल्लेखनीय छन्

(क) 'दार्जिलिङको हट्टा बाहिर' सामाजिक बहिष्कारको प्रथाको चर्चा;

(ख) सन् १९५५ सालमा एउटा चियाबारीमा घटेको वास्तविक घटना र यससँग सम्बन्धित पुलिस गोलीकाण्ड;

(ग) सन् १९७१ सालमा सरकारी जनसङ्ख्या गणना अनि यसको खण्डित परिणामप्रति देखिएको जनमानसको असन्तुष्टि;

(घ) सन् १९७४ सालको बङ्गालमा सत्ता परिवर्तन हुन अघिको सामाजिक तत्परता अनि अर्को राजनैतिक विचारको उदयको पूर्वङ्केत;

(ङ) दार्जिलिङमा धेरै समयदेखि आजसम्म देखिएका तर समाधानशून्य आगलागी घटनाहरूको उल्लेख र यसपछि रहेका राजनैतिक नेता, व्यापारी र घर मालिकहरूका षड्यन्त्रको स्पष्ट उल्लेख;

(च) दार्जिलिङको समाजमा पैसा र शक्तिको पछि कुद्ने अनि आफ्नो स्वार्थ पुरा गर्ने मानसिकताप्रति व्यङ्ग्य;

(छ) जनतालाई बारम्बार धेरै प्रकारका समस्याहरू देखाएर सङ्घर्षमा उतारेर प्रयोग गरिने राजनैतिक व्यवसायी नेताहरूप्रति कटाक्ष;

(ज) पैसा र मौज मस्तीको सहारामा आधुनिकताको नाम दिएर सामाजिक मर्यादा भुल्न तम्सेका युवा जमातलाई सतर्कता साथै मानिसको इतिहास, चाहे त्यो सामाजिक, राजनैतिक जे नै होस् त्यो फेरि फर्किनेछ भन्ने पूर्वसूचना।

यिनै बुँदाहरूलाई ध्यानमा राखेर यस नाटकभित्र देखिएका विविध प्रसङ्गहरूलाई समाज राजनैतिक अध्ययन भनेर चर्चा गर्न खोजिएको हो। 'फेरि इतिहास दोहोरिन्छ' नाटकभित्र परिलक्षित केही महत्त्वपूर्ण घटनाहरूसँगै एउटा अध्ययनको प्रारूप यस चर्चामा राखिएको छ।

**क) हट्टा बाहिर प्रथा**

दार्जिलिङको सामाजिक इतिहासमा सन् १८४० (चियाबारी प्रारम्भ काल)–देखि यता देख्न परेको 'हट्टाबाहिर' प्रथा एउटा कालो प्रथा हो। कमानमा कुनै कारण नै बिना केवल पोलझोसको भरमा

मालिकले कुनै पनि कर्मचारीलाई उसको परिवारसँगै कुनै समय कमान बाहिर खेद्न सक्थ्यो जसलाई 'हट्टा बाहर' प्रथा भनिन्थ्यो। त्यस परिवारले त्यस कमान लगायत वरिपरिका कुनै कमानहरूमा पनि काम पाउँदैनथ्यो,[५] त्यस षड्यन्त्रपछि मालिकसँग मिलेका स्थानीय नेता र श्रमिकहरू नै हुन्थे। एकअर्काको विरुद्ध पोलझोस प्रचलन त्यस क्षण अभिशाप नै थियो। स्वतन्त्रतापछि ब्रिटिसहरू गए पनि चियाबारीबाट यी यस्ता कुराहरू गएनन् बरु अर्कै रूपमा भए पनि यस्ता प्रथाहरू आजसम्म रहिरहेको पाइन्छ। आज पनि आफू हुर्केको बढेको माटो छोडेर अन्य कतै जानु पर्ने विडम्बनापूर्ण विवशता विद्यमान देखिन्छ चियाकमानहरूमा। यस नाटकभित्र यसको प्रसङ्ग यसरी चर्चा गरिएको भेटिन्छ –

मेघराज – त्यही त के बी दाजुबाट बुझौँ न, त्यो केस फर्दर कतिसम्म डेभलोप् भयो। मलाई त यहाँ डम्बर भेनाको केस पो सेटल नहोला जस्तो लाग्दैछ। म्यानेजरले उसलाई हट्टाबाहिर गर्ने सकेसम्म कोशिश गर्दैछ।[६] नाटकभित्र अर्को संवाद, जस्तै –

म्यानेजर – डम्बर! तँलाई मैले तीन हप्ता अघि नै यो कमान छोडेर जान भनेको थिएँ। .....जसले कम्पनीको विरोधमा केही काम गर्छ म सबलाई एक एक गरेर हट्टाबाहिर गरिदिन्छु।...[७]

### ख) मार्गरेट्स होप गोलीकाण्ड

नाटकभित्र पुलिसको गोलीकाण्डमा परेर शारदा, मैचाङ, आसेङ, साहिँला, प्रमिला आदिको मृत्यु हुन्छ। धेरै पक्रा पर्छन्, म्यानेजरको हत्याको आरोपमा पात्र मेघराज सोह्र वर्षसम्म जेलमा थुना पर्दछ। नाटकभित्र देखिएको गोलीकाण्ड, मृत्यु र राजनैतिक चलखेलको विवरणले वास्तविक घटना मार्गरेट्स होप गोलीकाण्डको स्मरण हुँदछ। सन् १९५५ को मार्गरेट्स होप चियाबारीमा भएको पुलिस गोलीकाण्ड भारत स्वतन्त्र भएपछि घटेको दार्जिलिङको इतिहासमा एउटा विभत्स घटनाका रूपमा चर्चित छ। आजसम्म यो घटना दार्जिलिङमा स्मरण गरिन्छ। यस घटनाका पृष्ठभूमिलाई हेर्नु पर्दा, चियाबारीमा ब्रिटिसकालदेखि आजसम्म देखिएको अमानवीय प्रथा नै यहाँ हुने न्यून पारिश्रमिक प्रथा हो। ब्रिटिसकलीन चियाबारी समाजमा सन् १९४० तिर एक दिनको पारिश्रमिक ५ आना पुरुषलाई र ४ आना महिलालाई भएको कुरो ओ'मल्लेले आफ्नो किताबमा बताएका छन्। यस्तो परिदृश्यबिच सन् १९४५ मा दार्जिलिङमा ट्रेड युनियन गठन हुन्छ, जसलाई राजनैतिक दल तत्कालीन अविभाजित सी पी आई–ले आधिकारिक रूपमा सघाएको थियो। यसै प्रसङ्गमा भारतका अन्य प्रान्तमा ट्रेड युनियन दार्जिलिङबाटै फैलिएर गएको

---

५ आर बी राई, सन् २०००, **हाम्रो बासभूमिमा : चियाबारी मजदुर आन्दोलनको पहिलो चरण फेरि नयाँ चरण**, दार्जिलिङ, विकास जन साहित्य केन्द्र, पृ २२

६ मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, दार्जिलिङ, श्याम प्रकाशन, पृ १२

७ पूर्ववत्, पृ २५, २८

हो भन्ने भनाइ छ। भारत स्वतन्त्र भएपश्चात् विदेशी प्रबन्धनहरूबाट स्वदेशी प्रबन्धनहरूले चियाकमानको जिम्मा लिए तर उनीहरूका व्यवहारमा पनि कुनै परिवर्तन आएन। प्रबन्धन मात्र परिवर्तन भयो यद्यपि गरिबमाथिको शोषण र अत्याचार यथावत् रह्यो। यस्तो स्थितिमा दार्जिलिङका चियाबारीका जनताले सङ्गठित ढङ्गमा सरकार र प्रबन्धन विरुद्ध पहिलोचोटि सङ्घर्ष गर्ने आँट देखायो। सरकारले आफ्नो सम्पूर्ण तागत लगाएर उक्त आन्दोलन दबायो। पहिलोचोटि सन् १९४९ मा रोहिणी चियाबारीमा पुलिसको गोली चल्यो।[८] त्यसपछि २५ जुलाई सन् १९५५ मा मार्गरेट्स होप चियाबारीका मजदुरहरू असमान हाजिरा विरुद्ध आन्दोलन गरिरहेका समय पुलिसले उनीहरूमाथि बर्बरतासँग गोली चलायो। त्यस बखत मजदुरहरूका हाजिरा पुरुषको १० आना (आजको ०.६३ पैसा भन्दा कम) र महिलाहरूलाई ५ आना (०.३२ पैसा भन्दा कम) प्रतिदिन थियो।[९] त्यस गोलीकाण्डमा जम्मा ८ जना कर्मचारीको मृत्यु हुन्छ जसमध्ये एकजना  गर्भवती महिलासँगै गर्भमा भएको शिशु, दुई ससाना बालकहरू र ४ जना वयस्कहरू सामेल छन्। त्यस घटनापश्चात् दार्जिलिङ पहाडमा सङ्गठित आन्दोलन सुरु हुन्छ। राजनैतिक हस्तक्षेप र कुटनीति सफल बन्दै पुनः चियाबारीका गरिब मजदुरहरूका माग र सङ्घर्ष प्रबन्धन र सरकार सामुन्ने गएर रोकिएको भेटिन्छ।

### ग) राजनैतिक गतिविधि

समाज विज्ञानभित्र राजनैतिक क्रियाकलाप गणतान्त्रिक प्रक्रियाका अङ्गका रूपमा बुझिन्छ। यसअन्तर्गत जुलुस, नारा, सभा, झण्डा, सत्ता, षड्यन्त्र, जेल जस्ता प्रसङ्गहरू अत्यन्तै गणतान्त्रिक पक्षहरू हुन्। नाटकभित्र बङ्गालको विधानसभामा पहाडबाट चुनिएर जाने विधायकको मुद्दा, प्रक्रिया अनि परिणति हेर्दा तत्कालीन दार्जिलिङको समाज राजनैतिक वस्तुस्थितिको विवरण देख्न सकिन्छ। दार्जिलिङले सामना गरेको राजनैतिक भूल, समस्या अनि समाधानका व्यर्थ प्रयास पनि नाटकका घटनाहरूले अभिव्यञ्जित गर्दछ। नाटकभित्र मजदुरहरूको हक र हितका लागि प्रबन्धनसँग लड्नु पर्ने तयारी हुँदै गरेको अवस्था छ। जस्तै–

''पारस त्यही लिन सकेँ र त यो मास मुभमेन्टको तयारी हुँदैछ। बिचरा एकजना एम एल ए  के बी दाजु एक्लै एसेम्बलीमा कतिसम्म करावोस्!''[१०]

सङ्घर्षको तयारी गरिरहेका पात्र पात्रामा वर्तमान स्थितिप्रति असन्तुष्टि छ, आक्रोश  छ। जस्तै –

प्रमिला – ''गुन्द्रुकको झोलमा जात नफालेको भा'देखि हाम्रा पनि तीनजना एम एल ए त हुन्थे

८ बसन्त बी लामा, सन् २००८, **द स्टोरी अफ् दार्जिलिङ**, खरसाङ, डाउहिल, पृष्ठ २६९

९ पूर्ववत् , पृ २६९

१० मनबहादुर मुखिया,  सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, दार्जिलिङ, श्याम प्रकाशन, पृ १४

नि! तर डेप्युटी मिनिस्टर हुनाका लागि नेता भनाउँदाहरूले जनतालाई विश्वासघात गरिहाले। अन्त एसेम्बलीका अरू अपोजिसन पार्टीका एम एल ए-हरूको चाहिँ यस आन्दोलनप्रति के विचार छ?''[११]

तत्कालीन दार्जिलिङको राजनैतिक वस्तुस्थितिमा एम एल ए भएर मिनिस्टर बन्ने चाहनाले वास्तविक घटनाहरूतर्फ सङ्केत गर्दछ। नाटकभित्र अर्को संवाद यस्तो छ। जस्तै -

पारस - ''....यो पिपल्स डेमोक्रेटिक मुभमेन्टलाई यो स्टेजमा पुऱ्याउनमा हाम्रा नेताहरूको सबभन्दा ठुलो हात छ।''[१२]

नाटकभित्र नारा, जुलुस, आम मानिसहरूको सहभागिताको चर्चा उल्लेख गरिएको भेटिन्छ। जस्तै-

जुलूस - ''इन्कलाब! जिन्दाबाद!!...हाम्रो माग! दिनै पर्छ!!...बुटका आवाजहरू!!!''[१३]

**घ) दार्जिलिङमा अग्निकाण्ड**

दार्जिलिङमा आजसम्म बारम्बार हुने गरेका विभिन्न चिया फ्याक्ट्री लगायत पुराना घरहरूमा हुने अग्निकाण्डहरू अनि यस घटना पछिका षड्यन्त्रहरूको उल्लेख नाटकभित्र देखिन्छ। यस घटनाले दार्जिलिङको सामाजिक संरचना र बढ्दो विकासका परियोजनाहरूको सन्दर्भ प्रस्तुत गर्दछ। दार्जिलिङमा आजसम्म धेरै पुराना ढाँचामा बनिएका पुराना घरहरू छन् अनि यी ढाँचाहरूभित्र किरायामा बसोबासो गर्दै आएका धेरै मानिसहरू छन्। ती मानिसहरूलाई ती पुराना घरबाट निकालेर नयाँ परियोजना प्रारम्भ गर्ने षड्यन्त्रको अर्को रूप हो बारम्बार देखिएको अग्निकाण्ड। यस्तो वास्तविक स्थितिबारे चर्चा गर्ने क्रममा नाटकभित्र यस्तै अवस्था र षड्यन्त्रहरूको सन्दर्भ भेटिन्छ। जस्तै-

पाल्देन- ''मेरो त एउटा प्रिन्सिपल छ मिस्टर लामा, यदि आफ्नो स्वार्थ पुरा गर्नुपरेको छ भने पहिले मान्छेलाई बोलीले सम्झाऊ। मानेन भने गोलीले सम्झाऊ। नाथे पाँच कौडीको मान्छेसँग लखपतिले डराउनु? No, No, No, मिस्टर लामा, अब ती सब घरहरूमा आगो लगाइदिनु पर्छ।''[१४]

नाटकभित्र अर्को संवादमा उद्देश्य स्पष्ट देखिन्छ। जस्तै-

पारस - ''....आगो लागेपछि जब सारा किरायादारहरू बेघर बन्नेछन् म तिनीहरूको कल्याणका निम्ति Fire Victims' Relief and Rehabilitation Committee गठन गर्नेछु। त्यसपछि त गभर्नमेन्टबाट पाएको रिलिफका चिजबिज मैले बाँडिदिए भने सारा जनताले मेरो प्रशंसा गर्नेछ।''[१५]

---

११ पूर्ववत्, पृ १५

१२ पूर्ववत्, पृ १५

१३ मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, पूर्ववत्, पृष्ठ ४३

१४ पूर्ववत्, पृष्ठ ९५

१५ पूर्ववत्, पृ १०४

अर्को संवाद–

प्रवीण– ''हामीलाई विस्तार विस्तार विष खुवाइँदैछ। न त हामीसँग रुपियाँ छ, न त हातमा शासन र कानुन छ। यदि हामीसँग केही छ भनेदेखि त्यो हो अनेकौँ गरिबहरू र ससाना झोपडीहरू। तर यी झोपडीहरू पनि भत्केर बिल्डिङहरू बनिँदैछन्।''..[१६] इत्यादि।

### ङ) सन् १९७१ सालको प्रसङ्ग अनि तत्कालीन सत्ता अवस्था

सन् १९७१ सालमा सरकारी जनसङ्ख्या गणना अनि त्यसको खण्डित परिणामप्रति देखिएको जनमानसको असन्तुष्टि थियो जुन नितान्त वास्तविक घटना थियो। यस घटनापछि दार्जिलिङमा भाषिक अनि जातीय असुरक्षाको स्थिति उत्पन्न भएको अवस्था थियो। अर्को अर्थमा त्यस समय सारा बङ्गालमा तत्कालीन राजनैतिक सत्ताको साटो अर्कै विचारको प्रादुर्भाव हुने राजनैतिक चलखेलको तयारी भइरहेको अवस्था थियो। यसैले सन् १९७४ सालको बङ्गालमा सत्ता परिवर्तन हुन अघिको सामाजिक तत्परता अनि अर्को राजनैतिक विचारको उदयको पूर्वसङ्केतका रूपमा समाज राजनैतिक धरातल तयारी भइरहेको सङ्केत यहाँ देख्न सकिन्छ। यस्ता वास्तविक घटनाहरूको पृष्ठभूमिमा नाटकबाट विविध घटनाहरूको सोझो उल्लेख नभए तापनि सामाजिक राजनैतिक घटनाका रूपमा कथावस्तु निर्माण हुँदै आएका देखिन्छन्। ती घटनाहरू पनि वास्तविक घटनाहरूसँगै आएका भेटिन्छन् जसको अन्तर्विषयक अध्ययनअन्तर्गत मूल्याङ्कन गर्न सकिन्छ। नाटकभित्र परिवर्तनको तयारीको सङ्केत यसरी हुँदै गरेको अवस्था छ। केही संवादहरू यस्ता भेटिन्छन्, जस्तै–

पारस – ''जनता भनेको समुद्र हो, जो सधैँ शान्त रहन्छ तर जब यसमा ज्वारभाटा चल्छ जस्तै मै हुँ भन्ने जहाज पनि डुब्न कर लाग्छ।''[१७]

''ए सधैँ अरूकै निम्ति रगत बनाउने दाजुभाइहरू हो! एकचोटि यहाँ आफ्ना निम्ति पनि रगत बगाएर हेर, साँच्ची नै त्यो रगत नभएर हाम्रो इतिहास लेख्ने मसी हुनेछ।''[१८]

पारस – ''...तर त्यसको लागि क्रान्ति हुनुपर्छ। विद्रोह नगरुन्जेल हामीले केही पनि पाउन सक्दैनौ।''[१९]

प्रवीण – ''त्यसो भने के हामीले पनि एकलव्यले जस्तो औँला काटेर शिक्षकलाई चडाउनु?...हामी परिवर्तन चाहन्छौँ। We want change!''[२०]

१६ मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, पूर्ववत्, पृ ६८

१७ पूर्ववत् , पृ १५

१८ पूर्ववत्, पृ २०

१९ पूर्ववत्, पृ १५

२० मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, पूर्ववत्, पृ ५९

मेघराज – ''तिम्रो कुराबाट मैले यही बुझें कि पहिले हामीसँग पेटको मात्र सवाल थियो तर अब अस्तित्वको प्रश्न पनि थपिएछ। ..खुसी लाग्यो कि अब हाम्रोमा राजनैतिक चेतना उम्रिएछ..।''[२१]

अर्को संवाद –

मेघराज – ''..तिमी खरानीभित्र लुकेको एउटा झिल्का रहेछौ। यसरी हजारौँ झिल्काहरू मिलेर अब यहाँ ज्वालामुखीको विस्फोट हुनुपर्छ, सम्पूर्ण व्यवस्था नै बद्लिनु पर्छ। किनभने इतिहासले नै भन्छ कि क्रान्ति नै एउटा यस्तो माध्यम हो जसले नयाँ युगलाई आह्वान गर्छ।..''[२२] इत्यादि।

नाटक पूर्वार्द्ध र उत्तरार्द्ध गरेर दुईवटा भागमा राखिएको छ। पूर्वार्द्धमा सन् १९५५ को प्रसङ्ग राखिएको छ। उत्तरार्द्धमा सन् १९७१–को समयको सन्दर्भ राखिएको छ। नाटकभित्र भेटिएका नाटकले यस घटनाको उल्लेख गरेको छ अनि यसै घटनाबाट नाटकको गति अघि बढेर गएको छ। एउटा समाज अनि त्यस समयका राजनीति, समाज, मानव सम्बन्ध अनि त्यहाँ देखिएका षड्यन्त्र, कुटनीति जस्ता पक्षहरू यहाँ राम्ररी प्रस्तुत गरिएको छ। यसै सन्दर्भका केही संवादहरू यस्ता छन् जसले कुनै न कुनै दृष्टिकोणबाट समाज राजनैतिक सन्दर्भ बोकेकै भेटिन्छ। जस्तै –

''यदि अहिले नै यी शिशुहरूलाई रुवायौ भने भविष्यमा यिनीहरूले रुन पनि अरूसँग आँशु पैँचो माग्नुपर्नेछ।''[२३]

प्रमिला – ''हेर्नुहोस् न, हाम्रो यो आन्दोलन पनि कस्तो समयमा हुँदैछ नि! पहिलो त भयो पत्ती टिप्ने सिजन, दोस्रो भयो यस्तो रेनी सिजन!''[२४]

फेदङबा – ''...यो कुकुरले पनि निकै पार्सियालिटी पो गर्छ, जहिले पनि हामी जस्तो लुम्रेझुम्रे लाई नै टोक्न खोज्छ। सुटबुट लाएर हिँड्नेहरूलाई त भुक्दा पनि भुक्दैन।''[२५]

प्रमिला – ''तपाईंहरू जस्ता शोषक र विश्वासघातीहरूले गर्दा नै हाम्रो देशमा प्रजातन्त्र सफल हुन सकेको छैन ...।''[२६]

आसेङ – ''मैले रक्सी कहाँ खाएँ र मैचाङ, मैले त छयाङ पो खा'को त। यसो कोही कोही बेला त हामी गरिबले पनि मज्जा गार्नु पार्छ नि हौ। कति बडा साहबको नोकरीमा मात्र जोतिई बास्नु गोरुले जास्तो। ना हामी गारिबले बडा साहब जस्तो कोठीमा बस्नु पाङछ, ना त राम्रो लाउनु पाङछ, न मिठो

२१ मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, पूर्ववत्, पृ ६८

२२ पूर्ववत्, पृ ६९

२३ पूर्ववत्, पृ ११

२४ पूर्ववत्, पृष्ठ–१५

२५ पूर्ववत्, पृष्ठ–१८

२६ पूर्ववत्, पृष्ठ–३५

खानु पाङछ, न गाडीमा चढ्नु पाङछ, अन्त के आबो हामीले मात्नु पनि पाङदैन?...''[२७] इत्यादि।

झन्डै १६ वर्षपछिको समाज राजनैतिक स्थितिको चर्चा बोकेको सन् १९५५ देखि सन् १९७१ सम्मको लामो अवधिमा चुनाउ, सत्ता, चौकी, कुटनीति, छल, हत्या, षड्यन्त्र आदि कुराहरू देखिन्छन्। नाटकभित्र चर्चित घटनाहरू जस्तै– चियाबारी श्रमिक र मालिक पक्षको सम्बन्ध, हक हितको लडाईँ, मृत्यु, गोलीकाण्ड, जुलुस, नारा, सभा, राजनैतिक क्रियाकलाप, गोलीकाण्डमा नानीहरूको मृत्यु, बाबु र छोराका विचारमा भिन्नता, समाजबारे बुनियादी ज्ञान र बुझाइ, बाबु र छोराका आआफ्ना जीवन दृष्टि अनि चिह्नारी, चिह्नारीभित्र चिह्नारीकै सङ्कट इत्यादि कुराका प्रसङ्गहरू पनि यहाँ देखिन्छन्। समाज विज्ञान र साहित्य एकै साथ अध्ययन गरिँदा बाहिर आउन सकेका यस्ता कुराहरू वास्तवमा समाज राजनैतिक अध्ययनका कुरा हुन्। यस नाटकले दार्जिलिङको नाट्य परम्परामा समाज राजनैतिक अध्ययनको भरपर्दो प्रसङ्गहरू समेटेको भेटिन्छ।

### ६. निष्कर्ष

साहित्य र समाज सँगै अघि बढेको हुन्छ। यो एउटा सामाजिक प्रक्रिया हो। यस प्रक्रियालाई अन्तर्विषयक अध्ययनले प्रकाशमा ल्याउँदछ। समाज विज्ञानको माध्यमद्वारा साहित्य र समाजलाई सँगै हेर्न सकिने धेरै आधार अनि सम्भावनाहरू देखा परेका छन्। यसै सन्दर्भमा मनबहादुर मुखियाकृत यस नाटक 'फेरि इतिहास दोहोरिन्छ' समाज–राजनैतिक अध्ययनले भारत स्वतन्त्र भएपछिका दिनहरूमा दार्जिलिङले के कस्ता सामाजिक राजनैतिक प्रसङ्गहरू सामना गर्नु पर्‍यो अनि यी प्रसङ्गहरूबाट समाजलाई अध्ययनको कसीमा कतिको लान सकियो भन्ने प्रश्न देखा पर्दछ। दार्जिलिङमा विशेषत: नेपाली भाषी गोर्खा समुदाय अनि यस समुदायसँग जडित राजनैतिक, सामाजिक, अर्थनैतिक, कुटनीतिक परिस्थितिहरूमा यहाँ बारम्बार उठ्ने समाज राजनैतिक चेतनाको कुरा अनि अभिव्यक्तिहरू कति हदसम्म सम्बोधन भएका छन् भन्ने कुरा पनि सामु आउँदछ। दार्जिलिङका आधाभन्दा बेसी जनसङ्ख्या प्रत्यक्ष–अप्रत्यक्ष रूपमा चियाबारीसँग जडित छन्। यसैले चियाबारी प्रसङ्गमा देखापरेका राजनैतिक स्थितिहरू र सामाजिक तत्परता यहाँ एउटा अध्ययनको कारण हुन सक्दछ। वैधानिक रूपमा दार्जिलिङ पश्चिम बङ्गालभित्र आजसम्म छ अनि यस व्यवस्थाबारे यहाँका समाज–राजनैतिक अभिव्यक्तिलाई साहित्यका धेरै विधाहरूले प्रस्तुत गरिसकेको छ। साहित्यको नाट्य विधाअन्तर्गत यस नाटकले यहाँका वस्तुस्थितिलाई ऐतिहासिक तथ्यका तुलनामा समेटेर प्रस्तुत गर्दा यहाँको समाज राजनैतिक अवस्थालाई पनि सफल ढङ्गमा प्रस्तुत गरेको छ भन्ने निष्कर्षमा हामी पुग्दछौँ।

•

२७ मनबहादुर मुखिया, सन् १९७५, **फेरि इतिहास दोहोरिन्छ**, पूर्ववत्, पृष्ठ–३९